नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मन्थली, रामेछाप

(............................ फाँट

०४८-५४०३३३
०४८-५४०१३३
०४८-५४०३७०
फ्याक्स नं. ०४८-५४००८८
०४८-५४०५०१

पत्र संख्याः-
चलानी नं.ः-

मितिः- २०७६/११/२२

## होली (फागु) पर्व सभ्य रुपमा मनाउने सम्बन्धि
## जिल्ला प्रशासन कार्यालय रामेछापको
## अत्यन्त जरुरी सूचना

यही मिति २०७६ फागुन २६ गते पहाडी जिल्लाहरुमा रङ्ग र खुसियालीको पर्वका रुपमा मनाइने होली (फागु) को अवसरमा रामेछाप जिल्लाबासी सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

धार्मिक एवं साँस्कृतिक दृष्टिले होली (फागु) पर्वको महत्व हुने हुँदा सबैमा मर्यादित र सभ्य ढंगले होली पर्व मनाउनु हुन हार्दिक अनुरोध छ ।

होली पर्व मनाउने नाममा इच्छा विपरित जवरजस्ती, अमर्यादित, गैरकानूनी र उत्श्रृखल किसिमका कुनै पनि व्यवहार गर्नु, इच्छा विपरित रङ्ग दल्ने, लोला हान्ने, कसैलाई अनावश्यक दुःख दिने जस्ता कार्य कसैले नगर्नु/नगराउनु हुन समेत सबैमा हार्दिक अनुरोध छ । कही कसैको इच्छा विपरितका काम गरे गराएमा प्रचलित कानून बमोजिम कार्वाही हुने व्यहोरा समेत जिल्लावासी आम नागरिक सबैको जानकारीको लागि अनुरोध छ ।

साथै अहिले विश्वमा नै प्रमुख महामारीको रुपमा फैलि रहेको कोराना भाइरस (COVID-19) को सन्दर्भमा यस पटकको होलीलाई विगतभन्दा केही फरक तरिकाबाट मनाई यो रोग संक्रमणबाट बच्न र बनाउन आवश्यक देखिएकोले निम्न कुरामा ध्यान दिई होली (फागु) माउनु हुन समेत सम्बन्धि सबैको जानकारीको लागि सूचित गरिन्छ ।

- आफ्नो घर परिवारमा मात्र होली (फागु) पर्व खेली शुभकामना आदान प्रदान गर्ने ।
- होली (फागु) को अवसरमा कुनै पनि सार्वजनिक कार्यक्रम आयोजना नगर्ने ।
- सामुहिक रुपमा भेला भई ठूलो संख्यामा होली (फागु) नमनाउने ।
- यो रोगबाट बच्न सचेतनामुलक सन्देश सहित फोन र सामाजिक सञ्जालबाट शुभकामना आदान प्रदान गर्ने ।

०६/११/२२

भास्कर दाहल
प्रशासकीय अधिकृत

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"